# कागजमा सरकारी विद्यालय, बिजुलीको पोलमा साइनबोर्ड

**विनय कर्ण**
*कल्याणपुर (सप्तरी), चैत १४ गते*

सप्तरीको रूपनी गाउँपालिका–४ स्थित पम्प नहरको डिलमा रहेको एउटा बिजुलीको पोलमा 'श्री राष्ट्रिय प्राथमिक विद्यालय, विष्णुपुर गाउँपालिका १ खुर हुरिया (उत्तर टोल), स्थापना २०६७' अङ्कित साइनबोर्ड झुन्ड्याइएको छ। साइनबोर्ड झुन्ड्याइएको पोलदेखि करिब सय मिटर दक्षिणतर्फ वस्तुगोठ जस्तै देखिने इँटाको पर्खाल र जस्तापाताले छाएको चारकोठे टहरो भेटियो। उक्त टहरोमा भने कुनै साइनबोर्ड थिएन। न विद्यार्थी थिए, न त शिक्षक र कर्मचारी नै। वास्तविकतामा त्यही नै 'श्री राष्ट्रिय प्राथमिक विद्यालय' थियो।

विद्यालय अवलोकनका क्रममा प्रधानाध्यापकलाई फोन गर्दा उहाँको फोन उठेन। त्यहाँ भेटिएका एक स्थानीयले विद्यालय त्यही नै भएको बताए। सप्तरीको विष्णुपुर गाउँपालिका–१ स्थित उक्त विद्यालय भवनको अवस्था हेर्दा विद्यालय भन्नै मिल्दैन। एउटा पनि कोठामा ढोका छैनन्। खानेपानी, शौचालयलगायतका पूर्वाधार केही पनि देखिएनन्। डेस्क बेन्च त दुर्लभै भयो। कागजमा भने विसं २०६७ देखि नै सञ्चालनमा रहेको सरकारी विद्यालय हो।

कक्षा ३ सम्म सञ्चालित विद्यालयमा दुई शिक्षक कार्यरत रहेका गाउँपालिकाका शिक्षा संयोजक रामेन्द्र यादवले जानकारी दिनुभयो। उहाँले राहत कोटाबाट प्रधानाध्यापकमा नरेशकुमार यादव र स्वयंसेवक शिक्षक सन्तकुमार यादव कार्यरत रहेका बताउनुभयो। "३०/४० जना विद्यार्थी पनि अध्ययनरत छन्," संयोजक यादवले भन्नुभयो।

## न शिक्षक, न विद्यार्थी

कहिलेकाहीँ मात्र शिक्षक आउने गरेको विद्यालयवरपरका स्थानीयवासीले जानकारी दिए। उनीहरूले आफूहरू १० बजेको समयमा नियमित विद्यार्थी र शिक्षक आएर विद्यालय सञ्चालन भएको कहिल्यै नदेखेको सुनाउनुभयो। "१०/१५ दिनमा एक चोटि नरेश सर आउनुहुन्छ," स्थानीयको भनाइ छ। यता विद्यालयका प्रधानाध्यापक यादवले भने आफू नियमित विद्यालय आउने गरेको दाबी गर्नुभयो तर विद्यालय सञ्चालनको समयमा भने उहाँ विद्यालयमा भेटिनुहुन्न। भवनलगायतका पूर्वाधार नभएपछि विद्यालय सञ्चालनमा अप्ठ्यारो भएकाले भवन निर्माणसम्बन्धी कामका लागि बिहीबार गाउँपालिका जानुपर्ने भएपछि विद्यालय नगएको उहाँको भनाइ छ। "म त्यो विद्यालयमा पुस महिनामा आएँ, नयाँ छु। ६२/६३ जना विद्यार्थी विद्यालयको रेकर्डमा छन्। हिजो बुधबार परीक्षा सञ्चालन गरेँ, १५/१६ जना विद्यार्थी आएका थिए," उहाँले भन्नुभयो।

पालिकादेखि विद्यालयका प्रधानाध्यापकसम्मले यकिनसाथ एउटै तथ्याङ्कसम्म दिन नसक्नुले विद्यालय कागजमा मात्रै सञ्चालनमा रहेको र शिक्षक, कर्मचारीले कागजकै भरमा तलबभत्ता लिने गरेको हुन सक्ने स्थानीयले बताएका छन्।

गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद यादवले विद्यालय अहिलेसम्म कागजमै सीमित रहेको स्वीकार गर्नुभयो। उहाँले म पालिका अध्यक्षमा निर्वाचित भएर आएपछि विद्यालयको अवस्था बुझ्दै जाँदा सो विद्यालयमा कुनै पूर्वाधार नै नभएर कागजमै सीमित भएको देखेपछि जीवन्त बनाउन दुई शिक्षक पठाउनुका साथै यस वर्ष पालिकाबाट भवन निर्माणका लागि १० लाख रुपियाँ विनियोजन गरिएको जानकारी उहाँले दिनुभयो।

"यो विद्यालय कागजमै मात्र छ। भवन, खानेपानी, शौचालयलगायतका भौतिक पूर्वाधार नै छैन। एक दिन अनुगमन गर्न जाँदा १७/१८ जना विद्यार्थी भेटिए। दयनीय अवस्थामा रहेको विद्यालयलाई व्यवस्थित गर्न यसै वर्ष भवन निर्माण कार्य थालिने छ," उहाँले भन्नुभयो।

उहाँले शिक्षक विद्यालयमा नआएरै तलब खाने गरेकोबारे आफू गम्भीर रहेको र यस विषयमा कडाइसाथ प्रस्तुत हुने बताउनुभयो। निर्वाचित भएदेखि नै अध्यक्ष यादवले गाउँपालिकास्थित सरकारी विद्यालयको अवस्थामा सुधार ल्याउन नियमित अनुगमन गर्नुका साथै पूर्वाधार विकासका लागि उल्लेखनीय काम गर्दै आएको जानकारी दिनुभयो।


नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल प्रहरी प्रधान कार्यालय

**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौं।

**नयाँ भर्ना सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५ गते।**

नेपाल प्रहरीमा **प्राविधिक** प्रहरी समूह अन्तर्गत विभिन्न **उपसमूह**तर्फ रिक्त रहेका निम्न बमोजिमका पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट Online दरखास्त आह्वान गरिन्छ। दरखास्त दिने उम्मेदवारहरूले नेपाल प्रहरीको Online Recruitment Management System (ORMS) मार्फत Online दरखास्त दिनुपर्नेछ। Online बाट दरखास्त फाराम भर्न नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* को Careerभित्र Online Application वा *https://careers.nepalpolice.gov.np* बाट भर्न सकिनेछ।

**१. आवश्यक माग पद सङ्ख्याः-**

| क्र.सं. | विज्ञापन नं. | पद/उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| **सूचना प्रविधि निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | ०६ (०८१/८२) | प्रा.प्र.नि. (सूचना प्रविधि/कम्प्युटर) | १ | - | १ | - | - | - | - | २ |
| २ | ०७ (०८१/८२) | प्रा.प्र.स.नि. (सूचना प्रविधि/कम्प्युटर) | ३ | - | १ | १ | - | | - | ५ |
| **सञ्चार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | ०८ (०८१/८२) | प्रा.प्र.नि. (सञ्चार) | ३ | - | १ | १ | २ | - | - | ७ |
| २ | ०९ (०८१/८२) | प्रा.प्र.स.नि. (सञ्चार) | २१ | १ | ४ | ६ | ५ | २ | १ | ४० |
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | १० (०८१/८२) | प्रा.प्र.नि. (सिभिल इन्जिनियर) | १ | - | - | - | - | १ | - | २ |
| **नेपाल प्रहरी केनाईन कार्यालयतर्फ (उपसमूहः केनाईन)** | | | | | | | | | | |
| १ | ११ (०८१/८२) | प्रा.प्र.नि. (भेटेरिनरी) | - | - | - | १ | - | - | - | १ |
| २ | १२ (०८१/८२) | प्रा.प्र.स.नि. (भेटेरिनरी) | १ | - | - | - | - | - | - | १ |
| **हातहतियार मर्मत शाखातर्फ (उपसमूहः हातहतियार)** | | | | | | | | | | |
| १ | १३ (०८१/८२) | प्रा.प्र.नि. (जनरल मेकानिकल इन्जिनियर) | - | - | - | १ | - | - | - | १ |
| **नेपाल प्रहरी अस्पतालतर्फ (उपसमूहः स्वास्थ्य)** | | | | | | | | | | |
| १ | १४ (०८१/८२) | प्रा.प्र.नि. (मेडिकल अफिसर एम.बि.बि.एस.) | ११ | - | २ | ३ | ३ | १ | - | २० |
| २ | १५ (०८१/८२) | प्रा.प्र.नि. (जनस्वास्थ्य अधिकृत) | १ | - | - | - | - | - | - | १ |
| ३ | १६ (०८१/८२) | प्रा.प्र.नि. (Optometrist) | १ | - | - | - | - | - | - | १ |
| ४ | १७ (०८१/८२) | प्रा.प्र.ना.नि. (स्टाफ नर्स) | ७ | १ | १ | २ | २ | १ | १ | १५ |
| ५ | १८ (०८१/८२) | प्रा.प्र.स.नि. (सि.एम.ए.) | ३ | - | १ | १ | १ | - | - | ६ |
| ६ | १९ (०८१/८२) | प्रा.प्र.स.नि. (डेन्टल हाईजिनिष्ट) | २ | - | - | - | - | - | - | २ |

**२. दरखास्त दर्ता मितिः-** २०८१/१२/१८ गतेदेखि २०८२/०१/१६ गतेसम्म।

**३. Online दरखास्त सङ्कलन तथा दर्ता हुने स्थानहरूः-**

| क्र.सं. | पद/उपसमूह | दरखास्त सङ्कलन तथा दर्ता हुने स्थान | |
|---|---|---|---|
| १ | **इन्जिनियरिङ** उपसमूहतर्फ **सूचना प्रविधि निर्देशनालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय**, नक्साल, काठमाडौं। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ३५६) | • कोशी प्रदेश प्रहरी कार्यालय, **विराटनगर** (सम्पर्क नम्बरः ०२१-४३७००१, ९८५२०९०१९९)<br>• मधेश प्रदेश प्रहरी कार्यालय, **जनकपुर** (सम्पर्क नम्बरः ०४१-५९००११, ९८५४०२९७४२, ९८५४०२९७४१)<br>• बागमती प्रदेश प्रहरी कार्यालय, **हेटौंडा** (सम्पर्क नम्बरः ०५७-५२१४९९, ९८५५०९००००)<br>• गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा** (सम्पर्क नम्बरः ०६१-४२२५००, ९८५६०२८४३३)<br>• लुम्बिनी प्रदेश प्रहरी कार्यालय, **दाङ** (सम्पर्क नम्बरः ०८२-५२३४१०, ९८५७८२५४१०)<br>• कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत** (सम्पर्क नम्बरः ०८३-५२०८११, ९८५८०४७०४४)<br>• सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, **धनगढी** (सम्पर्क नम्बरः ०९१-५२४९९८, ९८५८४२००५८) |
| २ | **इन्जिनियरिङ** उपसमूहतर्फ **सञ्चार निर्देशनालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालय**, नक्साल काठमाडौं। (सम्पर्क नम्बरः ०१-५७१९८९९) | |
| ३ | **इन्जिनियरिङ** उपसमूहतर्फ **भौतिक पूर्वाधार निर्देशनालय** अन्तर्गतका पद | **नेपाल प्रहरी प्रधान कार्यालय, भौतिक पूर्वाधार निर्देशनालय**, नक्साल काठमाडौं। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. २८३) | |
| ४ | **केनाईन** उपसमूहतर्फ **नेपाल प्रहरी केनाईन कार्यालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी केनाईन कार्यालय**, सामाखुशी, काठमाडौं। (सम्पर्क नम्बरः ०१-४५१७०२२) | |
| ५ | **हातहतियार (आरमर)** उपसमूहतर्फ **हातहतियार मर्मत शाखा** अन्तर्गतका पद | **नेपाल प्रहरी प्रधान कार्यालय, हातहतियार मर्मत शाखा**, नक्साल काठमाडौं। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ४५७) | |
| ६ | **स्वास्थ्य** उपसमूहतर्फ **नेपाल प्रहरी अस्पताल** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी अस्पताल**, महाराजगञ्ज काठमाडौं। (सम्पर्क नम्बरः ०१-४००२६०१, ४५१२५३०) | |

**४. दरखास्त दस्तुरः-**

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.१२००।- (एक हजार दुई सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.२४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| २ | प्राविधिक प्रहरी नायव निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.७००।- (सात सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.१४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| ३ | प्राविधिक प्रहरी सहायक निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.५००।- (पाँच सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.१००।-) का दरले थप दस्तुर लाग्नेछ। |

**५. उमेर हदः-**

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पूरा भई ३२ वर्ष ननाघेको। |
| २ | प्राविधिक प्रहरी नायव निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको। |
| ३ | प्राविधिक प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २८ वर्ष ननाघेको। |

**पुनश्चः** प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र आधारभूत तालिम लिएको हुनुपर्नेछ।

**६. आवश्यक न्यूनतम योग्यताः-**

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक | (क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ख) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ग) राजनीतिक दलको सदस्य नरहेको,<br>(घ) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,<br>(ङ) उचाई, छाती र तौलः<br>• **पुरुष**-उचाइ घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>• **महिला**-उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>(ज) नेपाली नागरिक। |
| **सूचना प्रविधि निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा इन्जिनियरिङ (Bachelor of Computer Engineering वा Software Engineering वा IT Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको वा सम्बन्धित विषयमा कम्तीमा स्नातक (BSC, CSIT वा BIT वा BCA) वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ६ महिना सर्टिफाइड तालिम प्राप्त गरेको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ३ महिनाको तालिम प्राप्त गरेको। |
| **सञ्चार निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/ Radio Communication/ Electronics/Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषद्मा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी सम्बन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा कम्तीमा १८ (अठार) महिना कोर्ष पूरा गरेको वा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा (इलेक्ट्रोनिक्स/मोबाइल फोन/सञ्चार उपकरण मर्मत वा सो सरह) मान्यता प्राप्त संस्थाबाट ३ (तीन) महिनाको तालिम प्राप्त गरेको वा सो सरहको उपाधि हासिल गरेको। |
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सिभिल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in Civil Engineering वा सो सरहको योग्यता भएको र सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको। |
| **नेपाल प्रहरी केनाईन कार्यालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा भेटेरिनरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल पशु-चिकित्सा परिषदमा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा भेटेरिनरी विषयमा जे.टी.ए. (JTA) वा सो सरह उत्तीर्ण गरेको। |
| **हातहतियार मर्मत शाखातर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (जनरल मेकानिकल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| **नेपाल प्रहरी अस्पतालतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (मेडिकल अफिसर एम.बी.बी.एस.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि हासिल गरी नेपाल मेडिकल परिषदमा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी निरीक्षक (जनस्वास्थ्य अधिकृत) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित परिषद्मा दर्ता भएको। |
| ३ | प्राविधिक प्रहरी निरीक्षक (Optometrist) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Optometrist विषयमा स्नातक तह उपाधि हासिल गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ४ | प्राविधिक प्रहरी नायव निरीक्षक (स्टार्फ नर्स) | त्रि.वि.वि. वा मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा न्यूनतम प्रमाण पत्र तह (PCL) उत्तीर्ण गरी नर्सिङ्ग परिषद्मा दर्ता भएको। |
| ५ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सी.एम.ए.) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ (पन्ध्र) महिना सी.एम.ए. उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ६ | प्राविधिक प्रहरी सहायक निरीक्षक (डेन्टल हाइजिनिष्ट) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ (पन्ध्र) महिना सम्बन्धित विषयमा तालिम लिई सम्बन्धित परिषद्मा दर्ता भएको। |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरूः-**

(क) नेपाली नागरिकताको प्रमाण पत्र।
(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने ORMS को आवश्यकता अनुसारको रेजुलेसन तथा साइज अनुरूपको फोटो (पुरूषको हकमा दाह्री र कपाल काटेको)।
(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र ट्रान्सक्रिप्ट/मार्कशिट तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।
(घ) **अमर/अशक्त प्रहरी परिवारका** लागि अमर/अशक्त प्रहरी परिवार भएको कुरा पुष्टि हुने कागज पत्र र नाता प्रमाणित कागज पत्र।
(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्र।
(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित निकायबाट सूचीकृत भएका जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनुपर्ने। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र।

**नोटः-** दरखास्त दिने उम्मेदवारले विज्ञापनमा तोकिए बमोजिमका आवश्यक कागजातहरूको सक्कलै प्रति Scan गरी ORMS प्रणालीमा तोके अनुसारको PDF Format मा अपलोड गर्नुपर्नेछ। साथै, उम्मेदवारले आफ्नो फोटो, दस्तखत, औँठा छाप (दाँया/बाँया) र नागरिकताको प्रमाणपत्रको अगाडि/पछाडिको भाग JPG Format मा अपलोड गर्नुपर्नेछ।

**८. दरखास्त दर्ता तथा दस्तुर बुझाउने विधिः-**

(क) नेपाल प्रहरीको अनलाईन दरखास्त पोर्टल *https://careers.nepalpolice.gov.np* मा गई Registration प्रक्रिया पूरा गरी प्राप्त Username र Password द्वारा Login गरेर आवश्यक सम्पूर्ण विवरण भरी आवश्यक कागजातहरूको सक्कलै प्रति स्पष्ट देखिने Scan Copy Upload गरी Profile १००% पूर्ण भए पश्चात् मात्र आवेदन Submit गर्नुपर्नेछ।
(ख) Online दरखास्त फाराम Submit गरे पछि प्राप्त हुने Application Id अनुरूप बुझाउनुपर्ने दरखास्त दस्तुर Online प्रणालीबाट महालेखाको Portal मा गई Connect IPS, e-Sewa, Khalti वा IME Pay मार्फत बुझाउन सकिनेछ। Offline प्रणालीबाट भुक्तानी गर्दा कारोबार सङ्केत (EBP Code) सहितको भौचर download गरी दरखास्त सङ्कलन केन्द्रहरू अनुसारको राजस्व खाता भएको सम्बन्धित बैंकमा गई दाखिला गर्न सकिनेछ।

**९. परीक्षा विधिः-**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण,
(ख) लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरूमा सञ्चालन हुने**),
- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अङ्क कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

(ग) विशेष स्वास्थ्य परीक्षण,
(घ) प्रयोगात्मक परीक्षा (पाठ्यक्रममा उल्लेख भएका पदहरूको मात्र हुने),
(ङ) अन्तर्वार्ता।

**१०. परीक्षा सञ्चालन हुने स्थानः-**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज काठमाडौंमा र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंमा सञ्चालन हुने।

**११. सम्पर्क मिति तथा स्थानः-**

- **प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण तालिका** सम्बन्धी सूचना मिति २०८२/०१/३० गते नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा प्रकाशन गरिने।

**१२. विज्ञापन सम्बन्धी विशेष सूचनाः-** सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. Online दरखास्त पेश गर्दा आवश्यक प्रमाणपत्रहरूको सक्कलै Scan Copy अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। साथै पेश भएका प्रमाणपत्रहरूको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।
२. तोकिएको म्यादभित्र दाखिला नभएका वा शर्त पूरा नभएका वा रीत नपुगी भरिएका वा दरखास्त दस्तुर नबुझाइएका दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।
३. तोकिएको शर्त पूरा नभई दरखास्त स्वीकृत नभएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन।
४. दरखास्त अवधिभित्र ORMS प्रणाली मार्फत आवेदन दिएका उम्मेदवारहरू मध्ये आवश्यक विवरण तथा कागजातहरू अपुग भएका उम्मेदवारहरूको अभिलेख अद्यावधिक गर्न नेपाल प्रहरीको वेबसाइटमा सूचना प्रकाशन गरिनेछ। उक्त सूचनामा तोकिएको समयभित्र अपुग कागजातहरू अद्यावधिक नगर्ने उम्मेदवारहरूको दरखास्त फाराम स्वत: रद्द हुनेछ।
५. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ।
६. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।
७. अन्तर्वार्ता दिन आउँदा उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने भनी उल्लेख गरिएका आवश्यक प्रमाणपत्र तथा कागजातहरूको सक्कल सहित स्वयंले '**सक्कल बमोजिम नक्कल ठीक छ**' भनी प्रमाणित गरेको प्रतिलिपि समेत अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ।
८. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो सङ्ख्या समेत थप गर्नसक्नेछ।
९. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरूको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत प्राप्त गर्न सकिनेछ।
१०. Online दरखास्त दिने सम्बन्धी जानकारी मूलक Tutorial Video नेपाल प्रहरीको आधिकारिक YouTube Channel मा हेर्न सकिनेछ।
११. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कार्यालय समयभित्र यसै विज्ञापनको प्रकरण नं. ३ मा उल्लेख भएका सम्बन्धित दर्ता केन्द्रहरूको सम्पर्क नम्बर वा नेपाल प्रहरी प्रधान कार्यालय, भर्ना छनौट शाखाको टेलिफोन नं.०१-५७१९९२७ मा सम्पर्क गरी वा *ormscareer@nepalpolice.gov.np* मा ईमेल पठाई बुझ्न सकिनेछ।

**मितिः- २०८१/१२/१५ गते।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा
नक्साल, काठमाडौं।